बैठक नं. ०७

आज मिति २०७९।०९।२६ गतेका दिन यस पुथा उत्तरगंगा गाउँकार्यपालिकाका अध्यक्ष श्री पुनीराज घर्ति ज्युको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक ०७ यसै देहायको उपस्थितिमा तपसिल बमोजिमका निर्णयहरु गरियो।

उपस्थितिहरुः-

श्री पुनिराज घर्ति- गाउँकार्यपालिकाको अध्यक्ष

श्री भुपेन्द्र बुढा- गाउँकार्यपालिकाको उपाध्यक्ष

श्री विरमान कामी- १ नं. वडा अध्यक्ष

श्री जस बहादुर थ्रिपाली- २ नं. वडा अध्यक्ष

श्री वम बहादुर बुढा - ३ नं. वडा अध्यक्ष

श्री सुर बहादुर वि.क.- ४ नं. वडा अध्यक्ष

श्री टिकासाई घर्ती मगर- ५ नं. वडा अध्यक्ष

श्री संखे सेन- ६ नं. वडा अध्यक्ष

श्री चित्र बहादुर बुढा- ७ नं. वडा अध्यक्ष

श्री पूर्ण मल्ल (शाही)- ८ नं. वडा अध्यक्षा

श्री हर्क प्रसाद रोका- ९ नं. वडा अध्यक्ष

श्री भरत बुढा - १० नं. वडा अध्यक्ष

श्री लयन बुढा -११ नं. का.व. वडा अध्यक्ष

श्री दिलमान पुन -१२ नं. वडा अध्यक्ष

श्री शिविसन थ्रिपाली- १३ नं. वडा अध्यक्ष

श्री द्रवेश बुढा मगर- १४ नं. वडा अध्यक्ष

श्री ग्वारी बुढा मगर - कार्यपालिका सदस्य

श्री जोर कुमारी बुढा - कार्यपालिका सदस्य

श्री मल्लि पुन - कार्यपालिका सदस्य

श्री राज कुमार सुनार - कार्यपालिका सदस्य

श्री जानु छन्तेल - कार्यपालिका सदस्य

वशिष्ठ नारायण यादव
नि. प्रमुख प्रशासकीय अधिकृत

श्री भारती दुगा. कार्यपालिका सदस्य

श्री वशिष्ट नारायण यादव सदस्य - सचिव

श्री ओम प्रकाश ओली – योजना शाखा

**प्रस्तावहरुः-**

१. स्थानीय सरकारबाट सङ्घीय समपूरक र विशेष अनुदान अन्तर्गतका योजनाहरु माग सम्बन्धमा।

२. योजनाहरु माग सम्बन्धमा।

३. शिक्षा समितिको विशेष अनुदान र आर्थिक विकास समितिको निर्णय अनुमोदन सम्बन्धमा।

४. गाउँसभा सम्बन्धमा।

५. आन्तरिक राजश्व सम्बन्धमा।

६. एकीकृत घुम्ती शिविर सञ्चालन सम्बन्धमा।

७. खाद्य सुरक्षा तथा पोषण कार्यक्रम सम्बन्धमा।

८. लघु-उद्यम विकास कार्यक्रम सम्बन्धमा।

९. स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना-२०७९ अनुमोदन सम्बन्धमा।

१०. पुथा उत्तरगङ्गा गाउँपालिकाको स्थानीय कृषि उत्पादनको बजार, विस्तार र प्रशोधनको लागि सहक्षेत्र विश्लेषण प्रतिवेदन अनुमोदन सम्बन्धमा।

११. गाउँपालिका स्तरीय फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यविधि निर्माण सम्बन्धमा।

१२. स्वास्थ्य संस्था सूचिकृत सम्बन्धमा।

१३. पुथा उत्तरगंगा गाउँपालिका वडा नं. २, वडा नं. ६।९ माअस्थायी प्रहरी चौकी माग र वडा नं १२ को प्रहरी चौकी सम्बन्धमा।

१४. पुथा उत्तरगंगा गाउँपालिकामा निर्माणाधिन नेपाल टेलिकमका टावर सम्बन्धमा।

१५. विविध सम्बन्धमा।

**निर्णय नं. १:-**

प्रस्ताव नं. १ उपर छलफल गर्दा यस पुथाउत्तरगंगा गाउँपालिकाको लागी आ व २०८०।०८१ मा संघिय सरकारबाट प्राप्त हुने समपुरक अनुदान कार्यक्रमबाट संन्चालन हुने गरि तपशिल अनुसारका आयोजनाहरु माग गरि पठाउने निर्णय गरियो।

| क्र स | आयोजनाको नाम | संन्चालन हुने वडाहरु | संघिय सरकारबाट माग गर्ने रकम (समपुरक अनुदान) | स्थानीय तहले व्यहोर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|

वशिष्ट नारायण यादव
नि.प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| १ | स्वाबाङ स्याउ बगैचा घेराबार | वडा नं. [illegible] | ५० लाख | ५० लाख | |
| २ | देउराली मा वि भवन निर्माण | वडा नं. [illegible] | १ करोड | १ करोड | |
| ३ | हुकाम-काजरजंग-पेल्मा सडक निर्माण | वडा नं. ५ र २ | २ करोड | २ करोड | |
| ४ | चारगाउँ-खाराबाङ-अर्जल-रन्मा-मैकोट-पेल्मा सडक निर्माण | वडा नं. ८, ९, ४, ३, १ र २ | २ करोड | २ करोड | |
| ५ | सिर्खुट्टा स्याउ ब्लक घेराबार | वडा नं. २ | ५० लाख | ५० लाख | |
| ६ | डिम्मुरगैरा-हालबाङ-खाराबाङ सडक निर्माण | वडा नं. ६ र ९ | १ करोड ५० लाख | १ करोड ५० लाख | |
| ७ | क्युबाङ-कोल-राङ्सी-नाखा-जामाबगर सडक स्तरउन्नती | वडा नं. १२ र १४ | २ करोड | २ करोड | |
| ८ | डिग्रे हरित पार्क निर्माण | वडा नं. १४ | ५० लाख | ५० लाख | |
| | **कुल जम्मा रकम** | | **१० करोड** | **१० करोड** | |

साथै राष्ट्रिय योजना आयोग प्राप्त हुने विशेष अनुदान कार्यक्रम अन्तरगत "समुदायमा आधारित मातृ, नवशिशु तथा वाल स्वास्थ्य, हेरचाह तथा व्यबस्थापन सबलीकरण परियोजना प्रस्ताव" सर्वसम्मतिले अनुमोदन गरि सो प्रस्ताव राष्ट्रिय योजना आयोगमा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. २:-**

प्रस्ताव नं. २ उपर छलफल पुथाउत्तरगंगा गाउँपालिकाको लागी आ व २०८०।०८१ मा संचालनका गर्नको लागी वडा नं. १३ दुम्लाघा साके पद्मी सडक निर्माणको लागी रु १० लाख ,औख्मा त्रिवेणी सडक खण्ड सरसफाई पद्मी त्रिवेणि सडक निर्माण पिपलतुङ देखी जाजारबाङ सडक निर्माण गोवाङ खानेपानी निर्माण बालुवा र पुवै जोड्ने मोटर पुल निर्माण र पद्मी वालुवा पर्वत मा.वि. सम्म सडक सरसफाई ,वडा नं. १० तर्फ घातुङ देखी घुम्लीवाङ नोपो ढ्याउला खर्क लुसर्मा पदमार्ग निर्माण , बाच्छीगाउँ देखी रविनाई मार्केडेरा पदमार्ग निर्माण , लुयर पदमार्ग निर्माण र घम्नै देखी रामाझिमा पर्यटन निर्माण र तक घुम्लीवाङ कृषि सडक निर्माण वडा नं. ९ तर्फ चक्टेचौर देखी आदर्श मा.वि. सम्म घोरेटो बाटो निर्माण ,लाह्यवाङ घोरेटो बाटो निर्माण , बोक्सा दह तडवन्धन निर्माण,गुफा खानेपानी र पुनम चौतारा नाम्जा घोरेटो बाटो निर्माण,झङलाटी देखी छप्रावास घोरेटो बाटो निर्माण र पुनम चौतारा

बशिष्ट नारायण यादव
नि.प्रमुख प्रशासकीय अधिकृत

बस्ति विकास वडा नं. ३ तर्फ सतिपोले देखी रन्मा सडक निर्माण,रन्मा देखी पेपे सम्म पदमार्ग निर्माण र रन्मा देखी सुन्दह पदमार्ग निर्माण वडा नं. १ तर्फ जुनाङ पुथा पदमार्ग,मैकोट पुषर बलसारी सम्म सडक निर्माण ,मैकोट रेलवी गुरीला तालिम केन्द्र सम्म पर्यटन पदमार्ग निर्माण र मैकोट खानेपानी र ढल निकास वडा नं. १२ तर्फ कोल गाउँ देखी सिद्‍थान सम्म सडक निर्माण,बालुवा गरखानी देखी तल्लो सेरा पुल सम्म सडक निर्माण र सामुदायिक भवन निर्माण वडा नं. ६ तर्फ तातोपानी मुहान संरक्षण,भुमे देखी ठुलोदह सम्म प्रर्यटन पदमार्ग निर्माण,सामुदायीक महिला भवण निर्माण,डिम्मुर गैरा विद्यालय भवण निर्माण,साङखोला देखी स्वास्थ्य भवन सम्म सडक निर्माण र भरघर्ति स्मृति पार्क निर्माण वडा नं ४ तर्फ धौला खोला देखी गुल्जा छहरा सम्म पर्यटन पदमार्ग निर्माण,डिखराँबाँ देखी गलेम सम्म गोरेटो बाटो निर्माण,सामुदायिक सभा हल निर्माण,डाँपनैं खानेपानी निर्माण र काडाँ खानेपानी निर्माण वडा नं १४ तर्फ राङसी देखी त्रिवेणी सम्म सडक निर्माण,सोलावाङ खोला झो पुल निर्माण,घट्टेखोला मोटर बाटो पुल निर्माण,दोधर ढल निकास र राङसी देखी डिग्रे सम्म पर्यटन पदमार्ग निर्माण वडा नं.२ तर्फ पेल्मा ठुलोगैरा भिम्पा पर्यटन पदमार्ग,नमुना महिला आमा समुह सामुदायिक भवन निर्माण,ग्रमखार तातोपानी पर्यटन पदमार्ग निर्माण, निवांबाङ कायमडाडा खानेपानी निर्माण,पेल्मा झारलुङ पर्यटन पदमार्ग, निर्माण तातोपानी कुन्ड तडवन्धन निर्माण, रलवाङ स्वास्थ्य भवन निर्माण तातोपानी, हिम गुईवाङ जुनाङ जाजा किउजा पुथा व्यस क्याप र बस्ति विकास कार्यक्रम पेल्मा वडा नं ५ तर्फ कागरजङ सिँयास भिम्पा थाकुर फागुने प्रर्यटन पदमार्ग निर्माण,कोलो देखी रिसल्ला स्वास्थ्य सम्म सडक निर्माण र जिम्लीखोला देखी स्वाँवा स्याउ पकेट सम्म कृषि सडक निर्माण वडा नं ७ तर्फ जाङ देखी नैवाङ सलाय खासिङ सडक निर्माण र भुरुल पहिरोमा ग्याविङ निर्माण वडा नं ११ तर्फ कोरालीवाङ देखी नाम्टी सडक मार्ग निर्माण छाप्रावाङ देखी धम्म चौरी सम्म घोरेटो बाटो निर्माण कुचे खोला देखी धोरेगौंडा भेडीखर्क तिला सम्म घोरेटो बाटो निर्माण उत्तरगंगा विद्यालय सेरा वालुवा घेरावार महिला भवन सानोगाउँ ढल निकास कार्यक्रम सर्वसम्मतिले प्रदेश सरकारमा प्रस्ताव पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ३:-**

प्रस्ताव नं.३ उपर छलफल गर्दा यस पुथा उत्तरगंगा गाउँपालिकाको लागी आ व २०७९।०८० मा संचालन हुने कार्यक्रम अन्तरगत गाउँ शिक्षा समितिको विभिन्न मितिमा गरेका विशेष अनुदान कार्यक्रमको निर्णयहरु र आर्थिक विकास समितिको मिति २०७९।०९।२५ गते गरेका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

वशिष्ट नारायण यादव
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ४:-**

प्रस्ताव नं.४ उपर छलफल गर्दा १४ औँ गाउँ सभाको तयारीको लागी मिति २०७९।१०।०७ गते कार्यपालिकाको बैठक बस्ने र मिति २०७९।१०।०८ गते १४ औँ गाउँ सभा बस्ने सर्वसहमतिले निर्णय गरियो।

**निर्णय नं. ५:-**

प्रस्ताव नं.५ उपर छलफल गर्दा पुथा उत्तरगंगा गाउँपालिकाको आन्तरिक राजश्व संकलन प्रत्यक ३।३ महिनामा पालिकाको आन्तरिक राजश्व खातामा अर्को महिनाको १५ गते भित्र जम्मा गर्ने सर्वसहमतिले निर्णय गरियो।

**निर्णय नं. ६:-**

प्रस्ताव नं.६ उपर छलफल गर्दा पुथा उत्तरगंगा गाउँपालिकामा एकीकृत घुम्ती शिविर संचालन पुथा उत्तरगंगा गाउँपालिका वडा नं १ को मैकोट , वडा नं ६ को म्याङ र वडा नं १४ को राङसीमा शिविर संचालन गर्नको लागी जिल्ला प्रशासन कार्यालयमा रुकुमकोट रुकुम पूर्व संग समन्वयन गर्ने सर्वसहमतिले निर्णय गरियो।

**निर्णय नं. ७:-**

प्रस्ताव नं.७ उपर छलफल गर्दा यस पुथाउत्तरगंगा गाउँपालिकाको लागी आ व २०८०।०८१ मा संघिय सरकारबाट प्राप्त विशेष अनुदान कार्यक्रम अन्तरगत पोषण मैत्री गाउँपालिका कार्यक्रम कार्यानन्वयनको लागी प्रस्तावना अनुमोदन गर्ने र राष्ट्रिय योजना आयोगमा कार्यक्रम माग गरि पठाउने निर्णय गरियो।

**निर्णय नं. ८:-**

प्रस्ताव नं.८ उपर छलफल गर्दा यस पुथाउत्तरगंगा गाउँपालिकाको लागी आ व २०७९।०८० मा लघु-उद्यम विकास कार्यक्रम संचालनको लागी वडा नं १३ छनोट गरी कार्यक्रम कार्यान्वयन गने सर्वसहमतिले निर्णय गरियो।

**निर्णय नं. ९:-**

प्रस्ताव नं.९ उपर छलफल गर्दा मिक नेपालको प्राविधिक सहयोग र यस पुथाउत्तरगंगा गाउँपालिकाले निर्माण गरेको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना-२०७९ अनुमोदन गर्ने सर्वसहमतिले निर्णय गरियो।

**निर्णय नं. १०:-**

प्रस्ताव नं.१० उपर छलफल गर्दा मिक नेपालको प्राविधिक सहयोग र पुथा उत्तरगङ्गा गाउँपालिकाको स्थानीय कृषि उत्पादनको बजार, विस्तार र प्रशोधनको लागि सहक्षेत्र विश्लेषण प्रतिवेदन अनुमोदन सर्वसहमतिले निर्णय गरियो।

वशिष्ट नारायण यादव
नि.प्रमुख प्रशासकीय अधिकृत

पुथा उत्तरगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तकसेरा, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**निर्णय नं. ११:-**

प्रस्ताव नं.११ उपर छलफल गर्दा उपर छलफल गर्दा मिक नेपालको प्राविधिक सहयोग र आर्थिक सहयोगमा पुथा उत्तरगङ्गा गाउँपालिकाको विधेयक समिति संग समन्वयन गरी यसै माघ महिना भित्र गाउँ गाउँपालिका स्तरीय फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यविधि निर्माण गर्ने सर्वसहमतिले निर्णय गरियो।

**निर्णय नं. १२:-**

प्रस्ताव नं.१२ उपर छलफल गर्दा यस पुथाउत्तरगंगा गाउँपालिको प्राथामिक स्वास्थ्य केन्द्र कोललाई गर्भ पतनको लागी स्वास्थ्य संस्था सूचिकृत गर्ने सर्वसहमतिले निर्णय गरियो।

**निर्णय नं. १३:-**

प्रस्ताव नं.१३ उपर छलफल गर्दा पुथा उत्तरगंगा गाउँपालिका वडा नं २ र वडा नं ६।९ का जनताको सुरक्षा लाई मध्यनजर गर्दै सम्बन्धित निकायमा अस्थायी प्रहरी चौकी माग गर्ने र वडा नं १२ मा रहेको अस्थायी प्रहरी चौकीलाई स्थायी प्रहरी चौकी को लागी सम्बन्धित निकाय संग पहल गर्ने सर्वसहमतिले निर्णय गरियो।

**निर्णय नं. १४:-**

प्रस्ताव नं.१४ उपर छलफल गर्दा यस पुथा उत्तरगंग गाउपालिका अन्तरगत निर्माणाधिनमा रहेका नेपाल टेलिकमका टावरहरु यथाशिघ्र सम्पन्न गर्नको लागी सम्बन्धित निकायमा पहल गर्ने सर्वसहमतिले निर्णय गरियो।

**निर्णय नं. १५:-**

प्रस्ताव नं.१५ उपर छलफल गर्दा मिति २०७९।१०।०७ गते पुथा उत्तरगंगा गाउँ कार्यपालिकाको अर्को बैठक बस्ने गरी आजको बैठक समापन गरियो।

बशिष्ट नारायण यादव
नि.प्रमुख प्रशासकीय अधिकृत